www.kankrebihar.com

■वर्ष १५ ■अंक ३१८ ■मंगलबार ७ भदौ २०७३ Tuesday 23 Aug, 2016, Email : kankrebiharnews@gmail.c

## आधुनिक अदुवा खेती प्रणाली

# २५ प्रतिशत उत्पादन बृद्धि

❖ कांक्रेविहार संवाददाता
सुर्खेत, १९ साउन ।



आधुनिक अदुवा खेती गोडमेल गर्दै लेखफर्साका किसान । फोटो : कांक्रेविहार

किसानहरुले अदुवा खेतीबाट पहिलेभन्दा २५ प्रतिशत बढी उत्पादन गर्ने गरेका छन् । अदुवा खेतीका लागि उपयुक्त मानिएका सुर्खेतका लेखफर्सा, अवलचिङ्ग, पाम्का, तरङ्गा र सल्यानको बामे गाविसका किसानले आधुनिक खेती प्रणालीमार्फत अदुवा खेती शुरु गरेपछि उत्पादनसँगै आम्दानी पनि वढेको हो ।

यी गाविसलाई अदुवा उत्पादनको पकेट क्षेत्रका रुपमा विकास गर्न उच्च मूल्य कृषि वस्तु विकास आयोजना (एचभिएपी) ले हाते ट्र्याक्टर, सिँचाइ, रोग निधान र बजारीकरणका लागि कृषक समुहमा आर्थिक तथा प्राविधिक सहयोग गरेपछि किसानहरु परम्परागत खेती छाडेर आधुनिक खेतीतर्फ आकर्षित भएका हुन् । असारदेखि भदौसम्मको समय अधुवा खेतीका लागि बेमौसम मानिन्छ । तर, यसै अवधिमा आधुनिक प्रणाली अपनाएर किसानहरुले अदुवा उत्पादन गरिरहेका छन् । यो समयमा परम्परागत खेतीबाट अदुवा उत्पादन कम हुने र बजार माग बढी हुने हुदाँ विगतमा किसानहरु चिन्तित हुने गरेकोमा हाल आधुनिक प्रणालीमा खेती गर्दा किसानहरु उत्साहित भएका छन् ।

परम्परागत अदुवा खेतीभन्दा आधुनिक प्रणलीमा खेती गर्दा उत्पादनमा २५ प्रतिशतले बृद्धि हुने गरेको उच्च मूल्य कृषि वस्तु विकास आयोजनाका मूल्य श्रृंखला विकास अधिकृत केशव कार्कीले जानकारी दिए । उनले भने, 'विगतमा अदुवालाई पनि धान मकै लगाए जसरी अव्यवस्थित खेती गर्दा उत्पादन न्यून हुन्थ्यो । अहिले किसानहरुले ड्याम बनाएर अदुवा खेती गर्ने गरेका छन् । विकसित प्रविधी विभिन्न माध्यमबाट किसानहरुसँग प्रवाह गर्न सके उत्पादन बढाउन सकिन्छ ।' ड्याम बनाएर खेती गर्दा छाप्रो हाल्ने गरिएको छ । जसले माटो सुक्खा नहुने, रोग नलाग्ने र त्यही छाप्रोलाई पछि मलको रुपमा प्रयोग गर्न सकिने अधिकृत कार्कीले बताए । यस्तो प्रणालीबाट खेती गर्दा विऊको रुपमा रोपिएको मुख्य गानो पनि खेर नजाने किसानहरु बताउँछन् ।

केही वर्ष पहिले उतिसाह्रो भाउ नपाउने अदुवाको बजार भाउ राम्रो हुँदै गएको छ । अदुवाको माग स्वदेश तथा विदेशमा समेत उच्च भएकोले उत्पादन वढाई किसानहरुको आयस्तर बढाउनका लागि उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले सुर्खेत र सल्यानका ४३ समुहमा अनुदान दिँदै आएको छ । आयोजना शुरु हुनुपूर्व यस क्षेत्रका किसानको आयस्तर प्रतिघरधुरी ८ हजार ६२ रुपैयाँ रहेकोमा हाल २४ हजार ५ सय पुगेको आयोजनाको दावी छ । पहिले ५ सय ८६ रोपनीमा गरिने अदुवा खेतीबाट २ सय ११ मेट्रिकटन उत्पादन हुने गरेकोमा आयोजना लागू भएयता ७ सय ७७ रोपनीमा बार्षिक ४ सय ९८ मेट्रिकटन उत्पादन हुने गरेको बताइएको छ ।

किसानहरुले उत्पादन गरेको अदुवाको बजारीकरणका लागि पनि आयोजनाले किसानहरुलाई सहयोग गर्दै आएको र यहाँ उत्पादित अदुवा अन्तराष्ट्रिय बजारमा समेत पुग्ने गरेको आयोजनाका ज्ञान व्यवस्थापन अधिकृत भक्त कार्कीले बताए । सीमान्तकृत समुदायलाई उच्च मूल्य कृषि बस्तु, गैरकाष्ठ वन पैदावार र जडिबुटीका मूल्य शृंखलामा आवद्ध गराउँदै बजारीकरण क्षमतामा सुधार ल्याउने र रोजगारीको अवसर सिर्जना गर्ने मुख्य उद्देश्य राखेको आयोजनाले मध्यपश्चिमका सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, कालिकोट, जुम्ला र सुदूरपश्चिमको अछाम जिल्लामा २०६७ देखि कार्य क्षेत्र बनाउँदै आएको छ । अदुवा, स्याउ, खसीबोका, बेमौसमी तरकारी, टिमुर, बेसार र तरकारीको बीऊ गरी सात वटा क्षेत्रमा आयोजनाले लगानी गर्दै आएको छ ।